# नेपाल गजेट

## भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं पौष २३ गते २०१४ साल

### अर्थसचिवालयको सूचना

१. ने. रा. बैंकको राजबिराज सटही डिपोलाई शीघ्र नै उपशाखामा परिणत गरिने भएको हुनाले सरकारको ०१४।८।१७।२ का निर्णय मुताबिक हनुमान नगर जिल्लामा रहेका सरकारिया अड्डाखाना गैर सरकारी संस्था लगायत गन्हले सरकारी रकम सम्बन्धी हनुमाननगर मालमा दाखिल गरी आएकोमा अब नेपाल राष्ट्र बैंकको उपशाखा खुलेका मिति देखि उप्रान्त हनुमाननगर मालमा दाखिल गर्नुको सट्टा नेपाल राष्ट्र बैंकको राजबिराज उपशाखामा दाखिल गर्नु र बही बुझ्ने अड्डाहरूले पनि सो बमोजिम दाखिल भएको रसिद भिडाई मालमा दाखिल गरे सरह भिन्हा मोजरा दिने गर्नु गराउनु ।

२. रकम रकमका आम्दानी लेखिएबमोजिम नेपाल राष्ट्र बैंकको राजबिराज उपशाखामा दाखिल गर्न पठाउँदा रकम रकमको छुट्टै चलानीहरू भरी चार प्रति चलानी गरी पठाउने र नेपाल राष्ट्र बैंकको राजबिराज उपशाखाले



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

4556

चार प्रतिमा सब मेनेजर, क्यासियर र सब एकाउण्टेण्टको सही र नेपाल राष्ट्र बैंक राजविराज उपशाखाको छाप लगाई १ नम्बर र ४ नम्बर आफू कहाँ राखी त्यस मध्ये ४ नम्बर प्रति स्टेटमेन्टको साथ सम्परी गोश्वाराको एकाउण्टेन्ट फांटमा पठाउने र १ नम्बर हिसाबको निमित्त आफ कहाँ राखी २ नं. र ३ नं. रुपैया दाखिल गर्न ल्याउनेलाई दिने छन्। यो २ नं. र ३ नं. चलानीमा २ नं. १ प्रति बही बुझाउने कामको लागि आफ कहाँ राखी बाँकी ३ नं. को १ प्रति सम्परी गोश्वारामा सकभर उस दिन नभ्याएमा भोलीपल्ट सम्म पठाउने गर्नु र रकम रकमको आम्दानी दाखिल गर्न पठाउदा चलानीको पीठमा यस किसिमबाट आम्दानी हुन आएको भनी (आवाज्य चलन भएकोले आवाज्य बमोजिम र नहुनेहरूले यथा सम्भव) कच्चा खोली पठाउने गर्नु गराउनु।

३. सो चलानि फाराम नं. ल. २ भा. ल. को लागि छुट्टा छुट्टै छपाई नेपाल राष्ट्र बैंक राजविराज उपशाखाबाट वितरण हुनेछ। सम्बन्धित अड्डाहरूले चाहिए बमोजिमको फाराम नेपाल राष्ट्र बैंक राजविराज उपशाखाबाट लिई झिकाई काम चलाउने गर्नु।

४. अड्डाहरूलाई साल बसाली वा पटके खर्चको रूपमा जिम्मावारी जाने रक-महरू चेकद्वारा मिल्नेहुँदा अड्डाहरूले पनि चेक पाएपछि सो चेकबाट आफ्ना अड्डाका नाउँमा नेपाल राष्ट्र बैंक राजविराज उपशाखामा खाता खोली यथासम्भव नगद झिकी ल्याई आफ्नो तहविलमा नराखी चेकद्वारा खर्च गर्ने गर्नु।

५. उक्त दफा ४ बमोजिम बिभिन्न अड्डाहरूले खाता खोल्दा हाकिम र हाकिम देखि मुनिको १ जना कर्मचारीको संयुक्त दस्तखतबाट अपरेट गर्ने गरी खाता खोल्नु। खाता खोल्ने दर्खास्त फाराम बैंकबाट पाइने छ। सो फाराममा लेखिएबमोजिमको समर्थन गर्ने काम मालको गोश्वाराको बडाहाकिमले र अरू सबैको मालको हाकिमले गर्न गर्नु।

६. उक्त बैंकबाट रोज रोज जहाँ जहाँबाट जे जति रुपैया दाखिल हुन आएका छ रकम रकमको पृथक् पृथक् देखिने गरी सकभर उसै दिनमा र नसकेमा भोलीपल्ट सम्ममा गोश्वारामा ४ नं. को चलानी साथ स्टेटमेन्ट दाखिल गरी पठाउनु पर्छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।